☎ ०७८-५४०१७०
०७८-५४१११६

# कावासोती नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी (ब.सु.पू.),
गण्डकी प्रदेश, नेपाल ।

कावासोती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३

## प्रेस विज्ञप्ति

साउन ११ गते राति देखि साउन १६ गते सम्म गण्डकी प्रदेश सहित देशभरी नै वर्षा तथा झरी रहने भनी जल तथा मौसम विज्ञान विभागले पुर्वानुमान गरेको, वर्षाको समयमा यस कावासोती नगरपालिका भित्रका केरुङ्गे खोला, पत्थर खोला, लोकाहा खोला र नारायणी नदीमा पानीको वहाव बढ्न गई कुनै पनि बेला बाढी, पहिरो, डुबान तथा कटान हुन सक्ने भएकाले सम्पूर्ण नगरबासी आमा, बुबा, दाजुभाई तथा दिदि बहिनीहरुमा वर्षा अवधिभर देहाय बमोजिमको सर्तकता अपनाई सुरक्षित साथ रहनु हुन नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

१. वर्षातको कारणले बाढि, पहिरो, डुवान र कटान हुन सक्ने भएकाले उच्च सतर्क अवस्थामा रहनु हुन र आवश्यक सूचना एक आपसमा प्रचार प्रसार गर्नु हुन,

२. वस्ती नजिक बाढि, पहिरो, डुवान र कटानको जोखिमको आकलन गरी नजिकका सुरक्षाकर्मी एवम् वडा कार्यालयलाई खबर गरी सुरक्षित स्थानमा सर्नु हुन,

३. सम्भावित वर्षा एवम् बाढिको बारे जानकारी लिन जल तथा मौसम विज्ञान विभागको टोल फ्रि नं. ११५५ मा फोन गर्नु हुन,

४. तत्काल खोज, उद्धार र राहत एवम् अन्य जानकारीको लागि यस नगरपालिकाको विपद् व्यवस्थापन समितिको सम्पर्क नं. ९८५७०४६२१३ र ९८४५९३८१९८ मा फोन गर्नु हुन,

५. विपद्को समयमा जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिकाको विशेष ध्यान दिनु हुन ।

मिति : २०७७ साल साउन १२ गते

चन्द्रकुमारी पुन
नगर प्रमुख

चन्द्रकुमारी पुन
नगर प्रमुख

kawasotimun.gov.np
✉ info@kawasotimun.gov.np

Scanned with CamScanner